# संचारिका
## फिचर सेवा

वर्ष १३, अङ्क १९ कात्तिक/मंसिर October 2012

नेपालमा लैङ्गिक हिंसा सदियौँदेखि कायम छ। सामान्यतया लैङ्गिक हिंसा भन्नाले लिङ्गको आधारमा हुने हिंसालाई बुझाउँछ। नेपालमा पुरुषभन्दा महिला भएकै कारणले हुने हिंसाको मात्रा अत्यधिक भएका कारणले यहाँ लैङ्गिक हिंसाको कुरा गर्दा महिलामाथिको हिंसाको रूपमा लिने र बुझ्ने गरिएको छ। लैङ्गिक आधारमा हुने हिंसाको सबैभन्दा पुरानो स्वरूप घरेलु हिंसालाई मानिन्छ र घरेलु हिंसाका पनि अनेक रूपहरू छन्। नेपालमा लैङ्गिक हिंसाको न्यूनीकरणका लागि प्रयासको थालनी चन्द्रशमशेरका पालामा (सन् १९२०) सतीप्रथाको उन्मूलनबाट भएको थियो भन्न सकिन्छ। त्यसपछिका दिनहरूमा हिंसाका बदलिँदा स्वरूपसँगै लैङ्गिक हिंसाका विरुद्ध विभिन्न सामाजिक अभियान तथा कानुनी प्रयासहरू जारी छन्।

महिला र सञ्चारको क्षेत्रमा कार्यरत सञ्चारिका समूहले आफ्नो स्थापनाकालदेखि नै लैङ्गिक हिंसाविरुद्धको अभियानलाई महत्वका साथ अगाडि बढाइरहेको छ। यो फिचर सेवा यस अभियानको एउटा हिस्सा हो।

**महिलाको इतिहास मूलतः मौनताको इतिहास हो। हाम्रा धेरै आमा, हजुरआमाले आफूमाथि भएका अन्यायलाई चुपचाप सहे, हामी यसलाई तोडौँ !!**

# हिंसापीडित महिलाको जीवनमा बिहानी

**विगत वर्षहरूमा गाउँमा दैनिक घरझगडा हुने गरेको विशंखुनारायण- ४ को सिलवाल गाउँमा महिला सहकारीकै प्रभावका कारण घरेलु हिंसामुक्त गाविस हुने अवस्था भएको छ। विशंखुनारायण महिला सहकारी संस्थाको पहलमा गाउँमा गस्ती नै गर्न थालेपछि यस क्षेत्रमा जाँडरक्सी तथा जुवातास निषेध भएको छ।**

**✍ अमृतनाथ तिमल्सिना**

पाँच वर्षअघिसम्म तीजमा माइत जान श्रीमान् र सासूसँग बाटोखर्च माग्दा पाएको गाली ललितपुर गिम्दीकी नानीमैयाँ दुलाल हरेक चाडपर्वमा सम्झिन्छिन्। तर, अहिले सासूससुरा र लोग्नेलाई अप्ठ्यारो पर्दा आफूले गर्जो टार्ने गरेको सुनाउँदा उनी हर्षविभोर हुन्छिन्। नानीमैयाँजस्ता कमजोर आर्थिक अवस्था र महिलालाई हेर्ने सामाजिक दृष्टिकोणका कारण पीडित भएका गाउँघरका महिला अहिले आफ्नो खर्च त आफैं जुटाउँछन् नै अप्ठ्यारो पर्दा परिवारका सदस्यलाई समेत सघाउन सक्ने भएका छन्। सहकारीमार्फत महिलाको सशक्तीकरण अभियानले गर्दा यी महिलाको आर्थिक र सामाजिक अवस्थामा व्यापक सुधार सम्भव भएको हो। गाउँघरका महिलाले उनीहरूकै शब्दमा भन्दा जीवनमा बिहानी नै ल्याएका छन् सहकारीमार्फत।

जिल्ला महिला तथा बालबालिका कार्यालयको सक्रियतामा गाउँगाउँमा गठन भएका महिला विकास सहकारीहरूमा आबद्ध भएका महिलाले एक-अर्काको परिवार तथा समाजमा भएका लैङ्गिक हिंसा न्यूनीकरणसम्बन्धी कार्यक्रम पनि बनाएका छन्। आर्थिक विकास गर्न सकेपछि सामाजिक रूपमा आफूहरू बलियो भएको अनुभूति गर्न लागेको गिम्दीकी नानीमैयाँ दुलालले बताइन्। गिम्दीकी नानीमैयाँजस्तै गोटिखेलकी सुषदा सापकोटा पनि सहकारीमार्फत महिलाको जीवनस्तर कायापलट भएको बताउँछिन्। बहुविवाह र लोग्नेको जाँडरक्सी सेवन गरी घरझगडा गर्ने बानीकै कारण विस्थापितको अवस्थामा पुगेका महिलालाई सङ्गठित गरेर स्थापना गरिएको नमूना महिला बचत तथा ऋण सहकारीमार्फत महिलाको पुनर्स्थापनासमेत गरिएको छ। विभिन्न घरेलु उद्योगको सीप सिकेर आर्थिक उपार्जनमा लागेका ती महिलालाई परिवारका सदस्यले आएर विगतका गल्ती नदोहोऱ्याउने प्रतिबद्धता जनाएपछि उनीहरूको परिवार सुमधुर भएको सापकोटाको अनुभव छ।

यस्तै ललितपुर विशंखुनारायण गाविसका महिलाले गाउँलाई पूर्ण रूपमा जुवातास तथा जाँडरक्सी निषेधित क्षेत्र बनाएका छन्। विगत वर्षहरूमा गाउँमा दैनिक घरझगडा हुने गरेको विशंखुनारायण- ४ को सिलवाल गाउँमा महिला सहकारीकै प्रभावका कारण घरेलु हिंसामुक्त गाविस हुने अवस्था भएको छ। विशंखुनारायण महिला सहकारी संस्थाको पहलमा गाउँमा गस्ती नै गर्न थालेपछि यस क्षेत्रमा जाँडरक्सी तथा जुवातास निषेध भएको छ। चाडपर्वमा समेत यहाँ जाँडरक्सी पूर्ण रूपमा बर्जित गरिएको छ। गस्तीका समयमा भेटिएकाहरूलाई त्यो दिन घरमा प्रवेश गर्नै नदिएर कारबाहीसमेत गर्ने गरिएको संस्थाकी सचिव सरस्वती सिलवाल बताउँछिन्। सहकारीमार्फत आर्थिक विकास गर्दा पनि महिला हिंसा अन्त्य गर्न नसक्दा बचत भएको पैसासमेत श्रीमान्ले नै लगेर जाँडरक्सीमा लगाउन थालेपछि पीडित भएका महिलाको यो अभियानले अहिले सिङ्गो गाउँ हिंसामुक्त भई आर्थिक समृद्धिमा लम्किएको संस्थाकी अध्यक्ष सीता सिलवाल बताउँछिन्।

महिलालाई विकासको मूल प्रवाहमा जति ल्याउने भने पनि आर्थिक र सामाजिक रूपमा सशक्तीकरण गर्न नसकेकै कारण महिला-महिलाबीच आन्तरिक वर्गविभेद रहेको ललितपुर जिल्ला महिला तथा बालबालिका कार्यालयकी सुपरभाइजर उर्मिला खनाल बताउँछिन्। कार्यालयले वर्षेनी थुप्रै महिला दाइजो र सम्पत्तिको निहुँमा हिंसापीडित भइरहेको तथ्याङ्क अद्यावधिक गरिरहेको छ। थुप्रै महिला जाँडरक्सी तथा जुवातासमा अल्मलिएका बेरोजगार युवाहरूका कारण पीडित भइरहेको तथ्याङ्क पनि कार्यालयसँग छ। सधैं पीडित भएर लुकेर बस्नुपर्ने अवस्थाबाट मुक्त पार्दै स्वावलम्बी बनाउने अभियानमा सहकारीमार्फत महिला सशक्तीकरणको कार्यक्रम अहिले सफल भएको छ।

सहकारी ऐन २०४८ र नियमावली २०४९ अनुसार स्थापित भएका सहकारीहरूलाई राज्यले पनि विभिन्न कार्यक्रममा अनुदान दिने निर्णय गरेपछि हिंसामा परेका महिलाले समेत सहकारीबाट सहजता पाएका छन्। द्वन्द्वकालमा आफ्ना पतिलाई तत्कालीन

विद्रोही नेकपा माओवादीले हत्या गरेपछि बेसहारा भएकी कालेश्वर- ७ की हरिमाया वाइबालाई गाउँलेले घरखर्च नै नपत्याएका बेलामा समेत उनले सहकारीमार्फत आफ्नो गर्जो टारेको उनी बताउँछिन्। यस्ता अनेक समस्या पर्दा महिलाको साथी बनेको छ सहकारी। सहकारीमार्फत विभिन्न आयआर्जनका काम गरिरहेका महिलालाई सघाउने विशेष कार्यक्रम बनाउनुपर्नेमा जोड दिन्छिन् जिल्ला सहकारी सङ्घकी सञ्चालक तथा महिला उपसमिति संयोजक निर्मला हाडा। राज्य, गैरसरकारी क्षेत्र तथा आमसमुदायले जतिसुकै प्रयास गरे पनि नसकिरहेको मूल प्रवाहीकरण कार्यक्रम एक-डेढ वर्षमै सहकारीमार्फत भएको सफलताबाट पाठ सिक्नुपर्नेमा हाडा जोड दिन्छिन्।

सहकारीमार्फत नै महिलाको सामाजिक-आर्थिक समृद्धि सम्भव भएको अनुभव सुनाउँदै जिल्ला महिला तथा बालबालिका कार्यालयकी सुपरभाइजर खनालले अहिले जिल्लामा २३ वटा यस्ता सहकारी संस्था रहेको जानकारी दिइन्। ती संस्थाहरूमा नौ हजार महिला आबद्ध भएर सक्रिय छन्। सयौँ महिलाको जीवनस्तर परिवर्तनको स्रोत बनेका यस्ता प्रकृतिका सहकारी संस्थाहरूमार्फत महिलाले उत्पादनमूलक कामलाई मूल रूपमा अगाडि बढाइरहेका छन्। ललितपुर मानिखेलका महिलाले सामूहिक रूपमा तरकारी तथा फलफूलका बिउ तथा प्रविधिको संयोजन र व्यवस्थापन गरिरहेको बताउँछिन् मानिखेल- ४ की देविका घिमिरे। यति मात्र नभई संस्थाले सदस्य महिलाले आफ्नो खेतबारीमा उत्पादन गरेको तरकारी काठमाडौंको कालिमाटी तरकारी बजारसम्म ल्याउने गरेको छ, त्यो पनि संस्थाका महिला सदस्यकै आलोपालो प्रणालीमार्फत। यसले आफूहरूमा आत्मनिर्भरता र व्यावसायिकता बढाएको माझखोला सहकारीकी अध्यक्ष घिमिरेको भनाइ छ।

महिला सहकारीहरूको क्षमता अभिवृद्धिका लागि आफूहरूलाई विभिन्न सरकारी निकायले सहयोग गरिरहेकाले आफूहरू अधिकारको पहुँचमा पुग्दै गएको अनुभव पनि उनीहरूमा छ। स्थानीय निकाय तथा विभिन्न राजनीतिक दल र सङ्घ-संस्थाले पनि महिलामैत्री कार्यक्रम बनाउन थालेकोप्रति गर्व गर्छन् यी महिला। आफूहरूको आर्थिक समृद्धिले समाजमा आफूलाई ठूला ठान्ने पुरुषलाई बाध्य बनाएर समानता र समता सिकाएको अनुभव उनीहरूको छ। सबैखाले शोषण वर्गीय भएको र वर्गीयताको जग आर्थिक सवाल रहेकाले आर्थिक सशक्तीकरण पहिलो आवश्यकता भएको नेपाल उद्योग वाणिज्य महासङ्घकी उपाध्यक्ष भवानी राणाको बुझाइ छ। शोषण र उत्पीडनका सबैखाले घटनाको अध्ययन गर्ने हो भने बहुसङ्ख्यक घटना आर्थिक सवालसँगै जोडिएका हुने बताउँछिन उद्यमी राणा।

सहकारीमैत्री समाजको विकास गर्ने तथा राज्यको अर्थतन्त्रका तीनवटा खम्बामध्ये सहकारीलाई एक महत्वपूर्ण खम्बाको रूपमा राज्यले अन्तरिम संविधानमै व्यवस्था गरेपछि सहकारीमार्फत सबै क्षेत्रको विकास सम्भव छ। अझ समूहमा काम गर्दा विभिन्न समस्या र अप्ठ्यारा परिस्थितिहरूलाई समेत समाधान गर्न सहज भएपछि आफूहरूलाई परिवर्तन गर्न सकेका महिलाबाट सिक्ने हो भने महिलाको क्षेत्रमा गर्नुपर्ने विकास सहकारीमार्फत झनै बढी हुने देखिन्छ।

*संचारिका फिचर सेवा*

*(अमृत नेपाल पत्रकार महासङ्घ ललितपुरका सचिव हुन्।)*

# लैङ्गिक अल्पसङ्ख्यकका हकमा लागू भएन सबैका लगि शिक्षा

**'पहिला म पुरुष थिएँ, तर मेरो रुचि, हाउभाउ सबै महिलाको जस्तो थियो, महिलाजस्तो बनेर हिँड्न मन लाग्थ्यो, समाजले पचाउन सकेन, त्यसैले अध्ययनलाई छोड्न बाध्य भएँ,' उनले भनिन्।**

**✍ युवराज गौतम**

नेपालमा एउटा नारा छ- सबैका लागि शिक्षा। हुन पनि शिक्षालयमा गएर शिक्षा लिने अधिकार सबैलाई छ। तर, अधिकार मात्र काफी छैन भन्ने बुझ्नुपर्ने पनि बेला आएको छ। किनकि शिक्षालयमा गरिने व्यवहार र हेर्ने दृष्टिकोणले पनि शिक्षाको समानतालाई छुट्याउँदो रहेछ। त्यही

व्यवहार र हेर्ने दृष्टिकोणको फेरोमा परेर थुप्रै विद्यार्थीको पढ्न पाउने अधिकार गुमेको छ। त्यस्ता केही पात्र हाम्रै समाजमा लुकेर बसेका छन्, जसको पढाइ बीचमै तोडिएको छ र शिक्षा लिने अधिकार ओझेलमा परेको छ। त्यसमध्येका एक पात्र हुन्- दर्ना गाविस- ३ अछामका भक्ति शाह। शाह कक्षा पाँचसम्म विद्यालय धाउँदा त वातावरण सामान्य नै थियो। तर, जब उनको शरीरमा परिवर्तन आउन थाल्यो अनि हाउभाउ बदलिन थाल्यो तब उनलाई साथी-सङ्गी तथा समाजले हेयको दृष्टिले हेर्न थाले र गिज्याउन थाले। जन्मँदा छोरीजस्तो अनि उमेर बढ्दै गएपछि छोराको जस्तो हाउभाउ हुन थालेपछि समस्या पर्‍यो।

'विद्यालय त गइन्थ्यो तर साथीभाइ तथा शिक्षकले नै मप्रति गर्ने व्यवहार बदल्न थाले, मेरो आचरण र हाउभाउमा परिवर्तन आउन थालेपछि सिङ्गो समाजले नै मप्रति आँखा बदल्यो,' उनले भने। शाह भन्छन्, 'स्कुलका साथीहरूले पनि कुरा काट्ने, हेलाहोचो गर्ने तथा अनेकथरी भनेर गिज्याउन थालेपछि मानसिक तनावले पढ्ने इच्छा हराउँदै गयो। पढ्ने र स्कुल धाउने समय समाजको तिरस्कारमा बित्यो,' शाह दुःखेसो पोख्छन्। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायअन्तर्गत आफूलाई तेस्रोलिङ्गी भएको स्वीकार गर्ने उनको तेस्रोलिङ्गी भएकै कारण घरपरिवार, समाज र विद्यालयबाट समेत अपहेलित भएरै विगतको दैनिकी बित्यो। सामान्यतः महिला र पुरुषभन्दा फरक लैङ्गिक पहिचान भएर यसरी अपहेलित हुने उनी एक प्रतिनिधि पात्र मात्र हुन्। साथीभाइ र घरपरिवारको असहयोगका बाबजुद माध्यमिक तहसम्म उक्लेका उनको त्यो क्षण निकै पीडादायी छ।

यस्तै सामाजिक विभेदको सिकार भएर मकवानपुरको एक गाउँबाट ०६८ कात्तिक १६ गते लखेटिएका सुनिता ढकाल र सुदीप गौतमको पनि आफ्नै वेदना छ। सुनिता समलिङ्गी महिला हुन् भने सुदीप तेस्रोलिङ्गी। यी दुई समलिङ्गी महिला र तेस्रोलिङ्गीबीच कक्षा सातमा पढ्दादेखि नै प्रेम बसिसकेको थियो। महिला पुरुषसँग आकर्षित हुनु त प्राकृतिक नै मानिन्छ। झट्ट हेर्दा महिलाजस्तो देखिने यो जोडीले एक-आपसमा प्रेम गर्‍यो। तर, यो जोडीको प्रेमलाई समाजले स्वीकार गरेन। सुनिता आफ्नो प्रेम सुदीपसँग भएकै कारण आफ्नो बुबाको पिटाइको सिकार भएको र पढाइसमेत छोड्नुपरेको बताउँछिन्। 'गाउँमा बस्ने अवस्था नभएपछि पढाइ पनि छोडियो,' सुदीपले बताए।

यो प्रेमजोडी यतिबेला परिवारबाट टाढिएर राजधानीको एक गैरसरकारी संस्थाको सहयोगमा दैनिक गुजारा गर्दै छ। आफन्त र परिवारबाट टाढिएर दुःखको जिन्दगी जिउन विवश भएको उनीहरू बताउँछन्। यो जोडी तेस्रोलिङ्गी/समलिङ्गी भएकै कारण शिक्षा पाउनबाट वञ्चित छ र भविष्य अन्योलमा छ। 'राज्यले हामीलाई पढ्ने व्यवस्था गरिदिए हुन्थ्यो,' सुनिताले आफ्नो इच्छा व्यक्त गरिन्।

नेपालमा फेरिँदो राजनीतिक परिस्थितिसँगै समाजमा यौनिक अल्पसङ्ख्यक रूपमा रहेका व्यक्तिहरू धमाधम देखापर्न थालेका छन्। आफ्नो अधिकार खोज्दै समाजमा देखिएका व्यक्तिहरू शिक्षा पाउने नैसर्गिक अधिकारबाट भने वञ्चित नै छन्। यस्तै, राजधानीमा जन्मिएर पनि शिक्षाको उचाइ लिन नसकेकी नयाँ नैकाप काठमाडौंकी भूमिका श्रेष्ठ तेस्रोलिङ्गी भएकैले पढ्ने रहर अधुरै रहेको बताउँछिन्। 'पहिला म पुरुष थिएँ, तर मेरो रुचि, हाउभाउ सबै महिलाको जस्तो थियो, महिलाजस्तो बनेर हिँड्न मन लाग्थ्यो, समाजले पचाउन सकेन, त्यसैले अध्ययनलाई छोड्न बाध्य भएँ,' उनले भनिन्। भूमिका भन्छिन्, 'विद्यालय जान भनेर घरबाट निस्कियो बाटामा मलाई नियाल्ने र गिज्याउनेहरू भेटिन्थे, अनि मेरो शरीरमा आएको परिवर्तनले साथीहरू पनि टाढिए।' त्यसपछि पढाइ माध्यमिक तहसम्म पनि पूरा नगरी छाडिदिएको उनले बताइन्। पढाइलाई माथि पुऱ्याउन नसक्नुमा सामाजिक विभेद एकातिर तगारो बन्यो भने उनको आचरण र शारीरिक हाउभाउ त्यसको सहयोगी बनेर देखापर्‍यो। मानिस जति नै शिक्षित भए पनि व्यवहारमा लागू गर्न नसके त्यसको अर्थ नहुने उनी बताउँछिन्।

मुलुकमा पछिल्लो राजनीतिक परिवर्तनसँगै यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदाय आफ्नो पहिचानअनुरूप समाजमा देखिन थालेपछि यसतर्फ सम्बन्धित निकायको ध्यान गएको पाइन्छ। तर पनि यस समुदायको शैक्षिक अवस्था सुध्रिन सकेको छैन। साथै प्रोत्साहनस्वरूप शिक्षाका लागि नयाँ व्यवस्था छैन। जसले गर्दा यस समुदायका व्यक्तिमा निराशा बढ्दो छ। यस सम्बन्धमा शिक्षा मन्त्रालयका सहप्रवक्ता रोजनाथ पाण्डे पाठ्यक्रममा त्यस्तो छुट्टै व्यवस्था नभए पनि स्थानीयस्तरको समस्याअनुरूप स्थानीयस्तरमै पाठ्यक्रम तयार पार्न सकिने बताउँछन्। स्थानीयस्तरमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदाय सङ्ख्यात्मक रूपमा धेरै छैनन्। त्यसैले छुट्टै पाठ्यक्रम तयार पारेर अध्ययन-अध्यापन गराउने स्थिति नआएको पाण्डेले जानकारी दिए।

शिक्षा मन्त्रालयमा पनि यस समुदायका व्यक्तिहरूले गुनासो लिएर नआएको उनले बताए ।

तेस्रोलिङ्गी/समलिङ्गी समुदायका पक्षमा कार्यरत संस्था ब्लु डाइमण्ड सोसाइटीले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको शैक्षिक स्तर उकास्न ठोस कार्यक्रम तयार पारेको छैन । तर, अधिकारका पक्षमा भने वकालत गर्दै आइरहेको सोसाइटीका सचिव रोशन मेहता बताउँछन् । शैक्षिक हिसाबले धेरै साथी पिछडिएको अवस्थामा नै रहेको मेहताले बताए । 'हामी पहिचान स्थापित गराउने एउटा लडाइँमा छौँ, समाजलाई सचेत गराउने अभियानमा छौँ, यी सबै कुरा मिल्दै गएपछि शिक्षामा पनि सुधार भएर जाने विश्वास छ,' उनले भने ।

नेपालमा करिब चार लाख ५० हजार तेस्रोलिङ्गी/समलिङ्गी व्यक्ति रहेको र ५० हजार मात्र समाजमा खुलेर देखापरेको सोसाइटीको तथ्याङ्क छ । हजारौँको सङ्ख्यामा यस समुदायका व्यक्ति आफ्नो पहिचान खुलाएर समाजमा स्थापित हुन सकेका छैनन् । जसका कारण शिक्षामा पनि पछि परेका छन् । साथै नेपाली समाज पनि सचेत हुन नसक्दा र यस समुदायलाई सहज तथा समान हैसियतले स्वीकार्न नसकेका कारण शैक्षिक अवस्था सुध्रन सकेको छैन । समाजमा अझै पनि यस समुदायका व्यक्तिहरूलाई 'छक्का', 'हिजडा', 'अप्राकृतिक' भनेर हेलाहोचो गर्ने परम्परा कायमै छ । यसले गर्दा सामाजिक तथा शैक्षिक रूपमा अगाडि बढ्न समस्या परेको यस समुदायका क्षेत्रमा कार्यरत अधिकारकर्मीहरू बताउँछन् । यसका लागि 'सबैका लागि शिक्षा' भन्ने नारालाई स्थायित्व गर्न राज्यले नयाँ रणनीति अपनाउनुपर्ने देखिन्छ ।

*संचारिका फिचर सेवा*

*(युवराज स्वतन्त्र पत्रकार हुन् ।)*

# परिवर्तनलाई आत्मसात् गर्न नसकेको कर्मचारीतन्त्र

सम्बन्धविच्छेद गरेका महिलाको सन्तानको नागरिकता लिने बेलामा जिल्ला प्रशासन कार्यालयबाट नागरिकताको प्रमाणपत्रमा बाबुको नाम लेख्न नचाहने महिलालाई पनि लेख्नैपर्ने बाध्यता प्रशासनले थोपरेको छ । अन्यथा बाबुको ठेगान नभएको भनेर लेख्ने गरेको छ । जब कि नियमावलीमा त्यस्तो कुरा उल्लेख गरिएको नै छैन, अभिलेख मात्र राख्नु भनिएको छ ।

✍ **दुर्गा भण्डारी**

आफ्नो १७ वर्षीय छोरालाई विदेश पढ्न पठाउने बेला भयो, तर नागरिकता हातमा छैन । नागरिकता नभएपछि कुनै काम पनि अगाडि बढ्दैन । पोखरा- ४ की दीपा कोइराला आफैँ कानुन व्यवसायीसमेत हुन् । तर, छोराको नगरिकता बनाउन नसक्दा उनलाई दुःख र विभेद दुवै महसुस भएको छ । नेपालमा नागरिकता अति आवश्यक कागजात हो, नागरिकता यो देशको नागरिक हुनुको पहिचान पनि हो, तर बनाउन पनि त्यत्तिकै जटिल छ ।

नेपालको अन्तरिम संविधान २०६३ ले व्यवस्था गरेको महिलाको नामबाट नागरिकता लिन पाउने व्यवस्था सहजै होला भनेर महिला आशाका साथ नागरिकताका लागि जिल्ला प्रशासन कार्यालय धाउँछन् । लोग्ने र परिवारले हेला गरेर नागरिकताका लागि सिफारिससम्म नगरेपछि आफ्नै नामबाट छोराछोरीको नागरिकता बनाउन जाँदा महिलाले विभिन्न खालका झन्झट र प्रताडना खेप्नुपरेको छ । जिल्ला प्रशासन कार्यालयका कर्मचारीमा रहेको पितृसत्तात्मक सोचका कारण आमाको नामबाट नागरिकता पाउने व्यवस्था अहिलेसम्म पनि कार्यान्वयन हुन सकेको छैन । आमाको नामबाट सन्तानको नागरिकता बनाउन जाँदा नयाँ संविधान बन्न नसकेको कारण देखाएर प्रशासनबाट महिलालाई त्यसै पठाउने गरिएको छ ।

कानुन व्यवसायी कोइरालाले छोराको नागरिकता बनाउन जिल्ला प्रशासन कार्यालय कास्कीमा निवेदन दिएको दुई वर्ष भयो । तर, अझसम्म पनि नागरिकता बन्न सकेको छैन । जिल्ला प्रशासन कार्यालय गृह मन्त्रालयको निर्णयको पर्खाइमा छ । 'धेरै ठाउँमा भनसुन गरेँ तर भएन, कानुनी बाधा-अड्चन नभए पनि काम अड्कियो । नयाँ संविधानमा कस्तो व्यवस्था हुन्छ त्यहीअनुसार गरौँला भन्छ कास्की

प्रशासन,’ कोइरालाले भनिन् । एलेभलको पढाइ सक्नै लागेका छोराको नागरिकता बन्न नसकेकोमा दीपा दिक्क छिन् । १८ वर्षअघि एक भारतीय नागरिकसँग उनको विवाह भएको थियो, बाबु भारतीय भएकै कारण उनका छोराले नागरिकता प्राप्त गर्न सकेका छैनन् ।

नेपाल नागरिकता ऐन २०६३ र नागरिकता नियमावली २०६३ मा नेपाली आमा र विदेशी बाबुको सन्तानको हकमा अङ्गीकृत नागरिकता प्राप्त गर्न सकिने स्पष्ट व्यवस्था रहेको भए पनि व्यावहारिक रूपमा भने अहिले नागरिकता नपाउनेहरू धेरै नै छन् । सबै कार्यविधि पूरा गरे पनि गृह मन्त्रालयले निर्णय गर्नुपर्ने प्रावधान रहेकाले यसमा ढिलासुस्ती भएको दीपाको अनुमान छ । ऐन, राहत दिने उद्देश्यले ल्याइए पनि कार्यान्वयन गर्न प्रशासनिक जटिलता देखाइन्छ ।

नेपालको परिप्रेक्ष्यमा नागरिकता महत्वपूर्ण भएकोले जस्तोसुकै काम गर्दा पनि नागरिकता अगाडि देखाउनुपर्ने हुन्छ । कलेजमा भर्ना, बैंक खाता खोल्न, लाइसेन्स बनाउनदेखि लिएर सानोतिनो प्राइभेट जागिर खानसम्म जतातत्तै नागरिकता चाहिन्छ । ‘ढाँटेर, छलेर, थर फेरेर नागरिकता लिनेहरूले पाउँछन् तर कानुनबमोजिम चल्दा भने नहुँदो रहेछ,’ दीपाले खिन्न हुँदै भनिन् । उनले धेरै नेतालाई गुहारिन् पनि । तत्कालीन प्रधानमन्त्री एवम् एमाले अध्यक्ष झलनाथ खनालसँग समस्या राख्दा उनले सबै लेखेर दिनुस् भनेका थिए । दीपाले समस्याहरू लेखेर दिइन् । उनले कोटको खल्तीमा हालेका थिए तर कोटको खल्तीबाटै गायब भयो उनको समस्या ।

जनआन्दोलनमा महिला सहभागिताको अवस्थालाई नजरअन्दाज गर्न नमिल्ने भएकोले अन्तरिम संविधानमा समावेशी मुद्दालाई केही हदसम्म समेट्ने काम त भए । तर पनि व्यावहारिक रूपमा भने महिलाका समस्या जस्ताको तस्तै छन् । नेपाल-भारतबीच खुल्ला सिमाना, रहनसहन, संस्कृति मिल्दोजुल्दो भएकोले नेपाली महिलाको भारतीय पुरुषसँग र भारतीय महिलाको नेपाली पुरुषसँग बिहेवारी हुने गरेको छ । कामकाजका लागि भारत गएका नेपाली पुरुष र भारतीय महिलाबीच पनि प्रेमविवाह भएको र नेपाल आएका भारतीय पुरुष र नेपाली महिलाबीच पनि प्रेमविवाह भएका थुप्रै उदाहरण छन् । त्यसैगरी नेपाली महिलालाई भारतीयलगायत विदेशीहरूले प्रेमविवाह गरेर बच्चा जन्माएर अलपत्र पारेका घटना पनि छन् । यस्तो अवस्थामा ती नेपाली आमाबाट जन्मिएका सन्तान नागरिकताविहीन र राज्यविहीन बन्नुपरेको अवस्था हाम्रोसामु छ ।

सम्बन्धविच्छेद गरेका महिलाको सन्तानको नागरिकता लिने बेलामा जिल्ला प्रशासन कार्यालयबाट नागरिकताको प्रमाणपत्रमा बाबुको नाम लेख्न नचाहने महिलालाई पनि लेख्नैपर्ने बाध्यता प्रशासनले थोपरेको छ । अन्यथा बाबुको ठेगान नभएको भनेर लेख्ने गरेको छ । जब कि नियमावलीमा त्यस्तो कुरा उल्लेख गरिएको नै छैन, अभिलेख मात्र राख्नु भनिएको छ । यसबाट प्रशासनले महिलाप्रति गर्ने व्यवहार कति विभेदकारी छ भन्ने कुरा प्रस्ट हुन जान्छ । यही विषयमा एकपटक अधिवक्ता भगवती पहारीको कास्कीका तत्कालीन सहायक प्रमुख जिल्ला अधिकारी ईश्वरराज रेग्मीसँग चर्काचर्कीसमेत परेको थियो । सम्बन्धविच्छेद गरेकी एक महिला नागरिकता बनाउन जिल्ला प्रशासन गएकी थिइन् । त्यहाँ सम्बन्धविच्छेद भनेर प्रमाणपत्रमै लेखिदिएकाले विवाद चलेको थियो । कानुनबमोजिम हुने काम पनि सामान्य महिलाको हकमा नगर्ने र अधिकारकर्मी लिएर जाँदा मात्र गर्ने गरेको पाइन्छ ।

सम्बन्धविच्छेद गरेकी महिलालाई नागरिकतामै सम्बन्धविच्छेद भनेर उल्लेख गर्ने र आफ्नो बच्चाको नागरिकतामा उसको बाबुको नाम राख्न नचाहने महिलालाई बाबुको ठेगान नभएको भनेर लेख्ने कार्यले महिलामाथि मनोवैज्ञानिक रूपमा हिंसा हुने गरेको छ । वंशजको आधारमा प्राप्त गर्ने नागरिकताको हकमा पुरुषतर्फका तीन पुस्ताको नागरिकताको प्रतिलिपि संलग्न गर्नुपर्ने कार्यविधिले गर्दा पनि आमाको संरक्षकत्वमा बसेका छोराछोरीले सहज रूपमा नागरिकता प्राप्त गर्न नसकेका उदाहरण प्रशस्तै छन् । बुबा, हजुरबुबाको समेत नागरिकताको प्रतिलिपि पेस गर्ने बेलामा दुःख दिने गरेको पाइएको छ । पुरुषतर्फका परिवारहरू नागरिकताका लागि सिफारिस गरिदिनुपर्दछ भनेर भागी-भागी हिँड्ने गरेको पाइन्छ । तर, महिलाको नागरिकता अनिवार्य पेस हुनुपर्ने सर्त प्रशासनले राखेको पाइँदैन । आमाले नागरिकताको प्रतिलिपि पेस नगरेको कारणबाट छोराछोरी नागरिकता पाउनबाट वञ्चित भएको कहीँ-कतै सुन्न पाइएको छैन । महिलाको हकमा प्रशासनिक कार्यविधि नै विभेदपूर्ण छ । सामाजिक समावेशीकरण स्रोत केन्द्रका संयोजक एवम् पृथ्वीनारायण क्याम्पस पोखराका प्रमुख गेहेन्द्रेश्वर कोइरालाको भनाइमा नेपाली समाज पितृसत्तात्मक सोचबाट ग्रस्त छ र कर्मचारीतन्त्रमा पनि त्यही संस्कृति हावी छ । राज्यले नीति बनाएपछि राज्यका निकायहरूले पालना

गर्नुपर्छ । ऐन-नियमहरू कार्यान्वयन भए-नभएको हेर्ने, नियमन गर्ने निकाय पनि हुन जरुरी छ ।

मुलुकमा ठूलै परिवर्तन आए पनि कर्मचारीले अहिलेको परिवर्तित अवस्थालाई आत्मसात् गर्न सकेको देखिँदैन । सैद्धान्तिक रूपमा महिलाको पक्षमा नीति-नियमहरू बने पनि मानसिक रूपले कार्यान्वयन गर्न कर्मचारीहरू तयार नभएको क्याम्पसप्रमुख कोइरालाको ठम्याइ छ ।

*संचारिका फिचर सेवा*

*(दुर्गा पोखरास्थित कास्की सन्देश साप्ताहिककी सम्पादक हुन् ।)*

# हाउसवाइफ होइन गृह व्यवस्थापक

**सहरमा महिलाले ठेलामा तरकारी, चिया, खाजा र अन्य परिकार बेचेर सपरिवार गुजारा गरिरहेको कुरा सामान्यजस्तो लागे पनि यसले अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याइरहेको लैङ्गिक समानता तथा महिला सशक्तीकरणका लागि राष्ट्रसङ्घीय निकाय यूएन वुमनकी कार्यक्रम विशेषज्ञ सरू जोशी बताउँछिन् ।**

✍ **मीना शर्मा**

जाँगर चलाउने हो भने पैसा कमाउनलाई विदेश जानु तथा कुनै ठूलो कार्यालयमा जागिर खानुपर्दैन, पहिचान गर्न सके काम र दाम यहीँ छ ।

काठमाडौंका विभिन्न सडकछेउमा ठेला-व्यापार गर्ने महिलाले आफ्नो परिश्रमबाट जीविकोपार्जन मात्र होइन बालबच्चालाई राम्रा विद्यालयमा समेत पढाउन सफल भएका छन् । ठेलामा चना-चटपटे बेच्ने मात्र होइन चिया, फलफूल, तरकारी तथा फुटपाथमा कपडा बेच्ने धेरै महिलाले परिवारको जिम्मेवारी सम्हालेका छन् । आफ्नो सानोतिनो व्यापारले कसैसँग हात फैलाउन नपर्ने, छोराछोरीको भविष्य पनि राम्रो हुने र औषधोपचारका लागि समेत आफ्नै कमाइले पुग्ने हुँदा खुसी छन् उनीहरू ।

४० वर्षीया मीरा साहु (हल्वाई) ले ठेलामा चलाएको व्यापारले उनको जीवन राम्रोसँग चलेको छ । उनको ठेलामा दैनिक १० प्रकारका परिकार पाक्छन् । बिहान धेरैका आँखा नखुल्दै आफ्नो डेरा धोबीघाटबाट उनी जाउलाखेल पुगी परिकारहरू बनाउन सुरु गर्छिन् । सुरुमा नेपाल आउँदा केही समस्या भए पनि दैनिक काम गर्दै जाँदा आफूजस्ता महिलाले काम गरेको देखेर उनलाई काम गर्ने जाँगर बढेको हो । दैनिक आठ सयको सामान खरिद गर्ने र परिकार बनाएर बेच्दा दैनिक तीन हजार आम्दानी हुने उनले बताइन् । केही महिनाअघि श्रीमान्को मृत्यु भएपछि उनले काम सम्हालेकी हुन् । व्यापार गर्ने ठाउँको भाडा र महिनाभरिको खर्च कटाएर १० देखि १५ हजारसम्मको बचत छ उनको । छोराछोरी कोही नभएकाले बुढेसकालका लागि पनि यही कमाइबाट बचत गर्नुपर्ने भएकाले यो कमाइ नै जीवन भएको उनी बताउँछिन् । बिरामी हुँदा या काम परेको समयमा नगर्न पनि मिल्ने तथा स्वतन्त्र रूपमा सञ्चालन गर्न पाइने भएकाले अरूकोमा काम गर्नुभन्दा आफ्नै व्यवसाय सजिलो लाग्ने उनले बताइन् । 'हातखुट्टा राम्रोसँग चल्नेले पनि माग्दै हिँड्छन्, मलाई त्यो मन पर्दैन । सानोतिनो काम गरेर जीविकोपार्जन गर्न सकिने हुनाले देशमा केही गर्न सके सबैलाई फाइदा हुन्छ,' उनी भन्छिन् । बिहान मर्निङवाकमा आउनेदेखि लिएर विद्यार्थी, कर्मचारी तथा कामका लागि हिँडेका सबैलाई उनले बनाएका परिकारको स्वादले लोभ्याएको छ । सफा र स्वादिष्ट खानाका कारण एकपटक आएको ग्राहक पटक-पटक आउने गरेको उनको भनाइ छ ।

पाँच वर्षदेखि मःमःको व्यापार गर्दै आएकी सिन्धुपाल्चोककी ३० वर्षीया सुनिता लामा पनि नौजनाको परिवार पालेर महिनामा १५ हजार बचत गर्छिन् । काठमाडौंको बसाइ, महँगी बढ्दै गएको छ, सबै कुरा किन्नुपर्छ तर पनि बिहानदेखि साँझसम्म खट्न सके राम्रै आम्दानी हुन्छ । विदेशमा रहेका उनका श्रीमान्को भन्दा राम्रो कमाइ भएको उनले बताइन् । मःमःको व्यापार सदाबहार एउटै रहेको बताउँदै उनी भन्छिन्, 'जाँगर चलाउनेलाई कहीँ पनि भोकै मर्नु पर्दैन । कामलाई सम्मान गर्न सके त्यसबाट आम्दानी राम्रो हुन्छ ।' यस्तै ३५ वर्षीया सीता घिमिरेले पनि ठेला व्यापार सञ्चालन गरेको ६ वर्ष पुगेको छ । पाँच बच्चासहित सातजनाको परिवार पाल्नका लागि यस व्यापारले निकै सहयोग पुगेको छ । पाँच बच्चाको पढाइखर्च निजी विद्यालयमा पढ्ने साना बच्चादेखि

लिएर क्याम्पस तहसम्म पढ्ने छोराछोरीको खर्च कटाएर महिनामा १० हजार बचत हुन्छ। पाल्पाबाट काठमाडौं पसेको उनको परिवारलाई खर्च धान्नका लागि सबैभन्दा उत्तम काम यही लाग्यो। जाँगर चलाउन सके १५/२० हजार खेलाउन विदेश गइरहनुपर्दैन। जागिरका लागि कसैलाई सिफारिस गरिरहनुभन्दा स्वाभिमानको यस्तो पेसाले सबैलाई फाइदा पुऱ्याउने उनको भनाइ छ। सानोतिनो काम देशमा गर्न लाज मान्दै ऋण खोजेर विदेश पुग्नेहरू दर्दनाक पीडा लिएर घर फर्केको देखेर बरु आफ्नो परिवारको साथ बसेर केही गरौं भन्ने सोचले व्यापार सुरु गरेको उनले बताइन्। दिउँसो विद्यालय जाने तीनजना छोरीले बिहान-साँझ सहयोग गर्ने गर्छन्।

२५ वर्षअघि दोलखाबाट काठमाडौं छिरेकी मिठु केसीले ठेलाको व्यापार गर्न थालेको २० वर्ष पुगेको छ। दैनिक दुईदेखि तीन हजारसम्म आम्दानी गर्ने उनलाई पाँचजनाको परिवार पाल्न कुनै समस्या छैन। घरभाडामा, सम्पूर्ण सामान किन्नुपर्ने तथा छोराछोरीको पढाइखर्च कटाएर महिनामा १० हजार बचत गर्छिन् उनी। परिवार पाल्ने यो पेसा पनि सङ्कटमा पर्ने चिन्ता छ उनलाई। समयसमयमा फुटपाथ तथा सडकछेउका व्यापारलाई हटाउने भन्दै गरेको सरकारी निर्णयले आफ्नो रोजीरोटी नै सङ्कटमा पर्ने समस्या भने सबैका मनमा रहेको छ।

तरकारी, चियानास्ता मात्र होइन ठेलामा चना-चटपटे बेच्ने जाँगरिला महिलाले पनि यो सहरमा राम्रो आम्दानी गरेका छन्। मकै, भटमास, चना, केराउलगायतका विभिन्न गेडागुडीको व्यापार लिएर सहरका विभिन्न स्थानमा घुम्ने ३८ वर्षीया दीपा बस्नेत हुन् या दोलखाकी मिठु दुःखअनुसारको आम्दानी गरिरहेकै छन्। सजिलो त कहाँ छ र ? यसप्रकारको व्यवसाय गर्ने महिलाहरू बिहान चार बजे नै उठ्छन् र सामग्री किन्नेदेखि बच्चाको रेखदेखसम्म भ्याउँछन्। 'पहिला विदेश जान्छु भन्ने सोच आयो, तर जाने पैसा पनि थिएन, बच्चाबच्ची पनि कहाँ राख्ने भन्ने समस्या भयो, अहिले त विदेशभन्दा राम्रो कमाइ यहीँ छ,' दीपा भन्छिन्। वास्तवमा कामको कमी कहीँ पनि छैन, त्यसलाई पहिचान र सम्मान गर्न सके जाँगर चलाउनेलाई जहाँ पनि काम र दाम दुवै छ।

अर्थविद् केशव आचार्य भन्छन्- नेपाली अर्थतन्त्रको ठूलो हिस्सा महिलाले धानेका छन्। गाउँमा घरायसी तथा खेतीपातीको काम गरेर होस् वा सानोतिनो व्यापार-व्यवसाय चलाएर घरलाई व्यवस्थित रूपमा चलाउनका लागि महिलाले गरेको योगदानको मूल्याङ्कन गर्ने हो भने ठूलो छ। त्यस्तै सहरमा महिलाले ठेलामा तरकारी, चिया, खाजा र अन्य परिकार बेचेर सपरिवार गुजारा गरिरहेको कुरा सामान्यजस्तो लागे पनि यसले अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याइरहेको लैङ्गिक समानता तथा महिला सशक्तीकरणका लागि राष्ट्रसङ्घीय निकाय यूएन वुमनकी कार्यक्रम विशेषज्ञ सरू जोशी बताउँछिन्। उनी भन्छिन्, 'यी महिलाले व्यापारसँगै घरव्यवहार र बालबच्चा हुर्काउने काम पनि गरेका छन्। उनीहरूको सबै श्रमको पैसामा हिसाब गर्ने हो भने अर्थतन्त्रमा ठूलो योगदान देखिनेछ, त्यसैले महिला हाउसवाइफ होइनन् गृह व्यवस्थापक हुन्। तर, यी गृह व्यवस्थापकको काम र मुलुकको अर्थतन्त्रमा तिनले पुऱ्याएको योगदानको मूल्याङ्कन भने हुन सकेको छैन।'

*संचारिका फिचर सेवा*

*(मीना हिमाल खबर पत्रिकासँग सम्बद्ध पत्रकार हुन्।)*

# महिला हिंसाविरुद्ध सामूहिक अभियान

**दुई वर्षको अवधिमा मात्रै समूहमा करिब डेढ सय साना-ठूला हिंसाका घटना आएका छन्। तीमध्ये करिब सयजति दुवै पक्ष राखेर छलफलका माध्यमबाट मिलाइएका छन्। छलफलपूर्व दुवै पक्षलाई समस्या र समाधानबारे परामर्श गर्न परामर्शदाता पनि राखिएको छ। ती परामर्शदाताको परामर्श र सरोकारवालाहरूको घटना अध्ययनपछि ती घटना मिलाइएका हुन्।**

**✍ अमृता अनमोल**

सामूहिक बलात्कारपछि गर्भवती बनेर अलपत्र परेकी रुपन्देहीको पड्खौलीकी १३ वर्षीया मुस्लिम बालिका अहिले राजधानीमा संरक्षित जीवन बिताउँदै छिन्। बलात्कार गर्नेबाट चार लाख रुपैयाँ जरिवाना लिई संरक्षित कोष खोल्ने र माइती नेपालले संरक्षण दिने गरेपछि उनी अहिले आफ्नो बच्चासहित जीवनोपयोगी सीप सिक्दै छिन्। आफ्नै ठूलोबुबाको छोरा दाजुबाट बलात्कारमा परेर घरबाट विस्थापित भएकी पोखरभिण्डी- १ की अर्की चार वर्षीया बालिकासहित उनकी आमाले अहिले ससम्मान घरमा स्थान पाएका छन्। बलात्कारी दाजुले कैद सजाय भोग्दै छ। यता, बोक्सीको आरोपमा घरबाट निकालिएकी सिद्धार्थनगरकी साहसी थापा अहिले आफ्नै घरमा पुनर्स्थापित भएकी छिन्। घरनिकाला गर्नेले माफी मागेर ससम्मान घर लगेपछि उनको लुटिएको खुसी फर्किएको हो। यस्तै आमाको नाममा नागरिकता भए आमाले आफ्नो नाममा सम्पत्ति बनाउँछिन् भन्ने डरले छोराकै कारण नागरिकताबाट वञ्चित रूपन्देहीको सिद्धार्थनगर नगरपालिका- १० की नौकी मुराउले गत पुसमा नागरिकता बनाइन्। नागरिकता बनेपछि छोराहरूको माया र वृद्धभत्ताबापत मासिक पाँच सय पाउन थालेपछि ७६ वर्षीया मुराउ अहिले खुसीसाथ समय बिताउँदै छिन्।

शान्ति दबाब समूह रुपन्देहीले न्यायका लागि पहल गरिदिएपछि न्यायको अभावमा छटपटिएका मुस्लिम, थापा र मुराउले न्याय पाएका हुन्। दिगो शान्ति स्थापनाका लागि रुपन्देहीमा गठन भएको यस समूहकै पहलमा उनीहरू संरक्षित भएका हुन्। न्यायमा पहुँच नहुँदा हिंसा सहन बाध्य नागरिकलाई सहयोग गर्न रुपन्देहीमा अहिले महिलाको क्षेत्रमा कार्यरत सरकारी र गैरसरकारी संस्थाहरू मिलेर शान्ति दबाब समूह बनाएका छन्। जसमा प्रहरी-प्रशासन, अधिकारकर्मीदेखि वकिल, पत्रकारसमेत समेटिएका छन्। नमूना एकीकृत विकास परिषद्को समन्वयमा गठित समूहले जिल्लामा भएका महिला तथा लैङ्गिक हिंसाका घटनालाई अध्ययन गर्ने, वकालत गर्ने र न्यायका लागि पहल गर्ने काम गरेको छ। **दुई वर्षको अवधिमा मात्रै समूहमा करिब डेढ सय साना-ठूला हिंसाका घटना आएका छन्। तीमध्ये करिब सयजति दुवै पक्ष राखेर छलफलका माध्यमबाट मिलाइएका छन्। छलफलपूर्व दुवै पक्षलाई समस्या र समाधानबारे परामर्श गर्न परामर्शदाता पनि राखिएको छ। ती परामर्शदाताको परामर्श र सरोकारवालाहरूको घटना अध्ययनपछि ती घटना मिलाइएका हुन्।** बाँकी ५० लाई न्यायको ढोकासम्म पुऱ्याएको नमूना एकीकृत विकास परिषद्का अध्यक्ष तथा समूह संयोजक ज्ञानु पौडेलले बताइन्। 'न्यायका लागि पहल गरिदिन आग्रह गर्दै पछिल्लो समयमा गुनासा र उजुरी लिएर आउनेको सङ्ख्या अझ बढ्दो छ,' उनले भनिन्।

शान्ति दबाब समूहमा बलात्कार, दाइजो, बोक्सी, कुटपिट, गाली-बेइज्जती, बालविवाह, छुवाछुतलगायतका मुद्दा बढी आएका छन्। समूहले अध्ययनपछि उठाएका सबैजसो घटनामा पीडितले राहत पाएका छन्। पीडकहरू सजायको भागीदार बनेका छन्। समूहले अलपत्र परेका पीडितलाई उद्धारमा पनि काम गरेको छ। **जिल्लाका सबैजसो सरोकारवाला एक ठाउँमा बसेर छलफल गर्दा महिलाको पीडामा गम्भीर हुने, पीडकलाई सजायमा भागीदार बनाउने र पीडितले राहत पाउने वातावरण बनेको हो। सरोकारवालाहरू सबै एकमुख भएपछि दल, बल र धनको आडमा पीडकले मुद्दालाई बिगार्ने काममा पनि कमी आएको छ।** सामूहिक दबाब र सामूहिक पहलले पीडकका तर्फबाट हुने डर-धम्कीमा पनि कमी आएको शान्ति दबाब समूह संयोजक पौडेलले सुनाइन्। घरपरिवारमा पुनर्स्थापित गर्न नसकेको अवस्थामा सङ्घ-संस्थाको सहयोगमा संरक्षित गर्ने काम पनि भएको छ। समूह संयोजक पौडेल भन्छिन्, 'जिल्लामा सरकारी आवासगृह नभए पनि अन्य गैरसरकारी सङ्घ-संस्थाद्वारा चलाइएका पुनर्स्थापना तथा संरक्षणगृहको सहयोगमा राजधानीमै लगेर पनि धेरैलाई पुनर्स्थापित गराइएको छ।' बलात्कारलगायतका धेरैजसो जटिल घटनामा माइती नेपालले आवास सुविधा दिने र पुनर्स्थापित गराउन सहयोग गर्ने काम गरेको छ।

यता, दिगो शान्ति स्थापनाका लागि भनी रुपन्देहीका १४ वटा गाविस र सिद्धार्थनगर नगरपालिकामा महिला र युवालाई हिंसाविरुद्ध अभियानमा लगाइएको छ। महिला तथा युवा दिगो शान्तिको आधार नामबाट नमूनाको संयोजनमा तीन वर्षअघिबाट यो अभियान सुरु भएको हो। यो अभियानमा पनि गाउँमा रहेका महिला तथा युवाहरूलाई समेटेर गाविसस्तरीय शान्ति समूह बनाउने गरिएको छ। त्यो समूहले गाउँमा शान्ति स्थापना गर्न, लैङ्गिक हिंसा घटाउन, महिला अधिकार स्थापित गर्न र युवालाई रचनात्मक काममा लगाउन काम गर्ने गरेको छ। ससाना घटना र समस्या गाउँमै मिलाउन सहजकर्ता राख्ने पनि गरिएको छ। सहजकर्ताको माध्यमबाट घटना सहजीकरण गर्दा घरभित्र मात्र होइन, गाउँमा गठित समूहले समाजबाट

अन्यायमा परेकालाई पनि न्याय दिलाउन सफल भएको छ। 'हिंसा घटाएर दिगो शान्ति स्थापना गर्ने एक मात्र उद्देश्य भएकाले हिंसालाई बढ्न नदिन, त्यसकै आडमा पीडकलाई चलखेल गर्न नदिन र पीडितलाई न्यायको पहुँचमा पुऱ्याउन हामी सकेसम्म सचेत हुन्छौँ,' चिलिया गाविसमा गठित सिर्जनशील शान्ति दबाब समूहकी अध्यक्ष लक्ष्मी मल्ल भन्छिन्, 'ससाना कुरामा पनि प्रसस्त सल्लाह र सुझाव लिएर काम अघि बढाउँछौँ।' गाउँस्तरीय समूहले जटिल खालका हिंसाका घटनालाई नमूना शान्ति केन्द्रमार्फत बाहिर ल्याउने गरेका छन्। ती घटनामा पनि जिल्लामा रहेको शान्ति दबाब समूहले सहयोग गरिदिने गरेको छ। घटना अध्ययनपछि समूहले न्यायका लागि लडिदिने, राहत उपलब्ध गराउनेदेखि संरक्षण गर्ने र सङ्घ-संस्थाहरू खोजिदिनेलगायतका काम गरेको शान्ति दबाब समूहका सदस्य तथा जिल्ला बाल कल्याण समितिकी सदस्य बालकुमारी गुरुङले बताइन्। यसले जिल्लामा धेरै सकारात्मक प्रभाव पारेको उनले बताइन्। 'सरोकारवालाहरूको हिंसाविरुद्धको सामूहिक अभियानले एकातिर पीडितलाई न्यायको अनुभूति दिलाएको छ। अर्कोतिर पीडकलाई हिंसा गरे छुट पाइन्न भन्ने आत्मबोध पनि गराएको छ,' बाल कल्याण समितिकी सदस्य गुरुङले भनिन्।

सशस्त्र द्वन्द्वभन्दा बढी अहिले पनि समाजमा लैङ्गिक, जातीय तथा वर्गीय हिंसा रहेका छन्। हिंसाका कारण धेरैजसो समाज र घरपरिवार अशान्त छ। यस्तो बेलामा पीडितलाई न्यायको पहुँचसम्म पुऱ्याउन सके मात्र दिगो शान्ति स्थापना हुन सक्छ। नीति-नियम बने पनि सामाजिक द्वन्द्व कम गर्न र पीडितलाई उद्धार गर्न राज्यबाट प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरिएको पाइँदैन। पीडितलाई न्यायको पहुँचमा पुऱ्याउन र दिगो शान्ति स्थापना गर्न सामूहिक रूपमा काम थालेको महिला तथा बालबालिका कार्यालयकी महिला विकास अधिकृत उषा रावल बताउँछिन्। 'एकल प्रयास र अभियानको साटो महिला हिंसाविरुद्धको सामूहिक अभियानले सोचेभन्दा राम्रो प्रभाव पनि पार्दै छ,' उनले भनिन्। हिंसाविरुद्धका यस्ता सामूहिक अभियानहरू देशभर सञ्चालन गर्न सके महिला हिंसा स्वतः घटेर जाने देखिन्छ।

*संचारिका फिचर सेवा*

*(अमृता रुपन्देहीस्थित कान्तिपुर संवाददाता हुन्)*

## फिचर लेखका लागि अनुरोध

सञ्चारिका समूहले लैङ्गिक हिंसाविरुद्धको अभियानअन्तर्गत फिचर सेवा प्रारम्भ गरेको छ। प्रत्येक महिना प्रकाशित हुने फिचर सेवामा महिलामाथि हुने गरेका विविध हिंसामा आधारित पाँचवटा फिचर लेख समावेश हुनेछन्। फिचर सेवाका लागि नौदेखि ११ सय शब्दसम्मको फिचर लेख पठाउनका लागि फिचर लेखकहरूमा अनुरोध गरिन्छ। प्रकाशित गर्न उपयुक्त ठानिएको फिचरका लागि पारिश्रमिकस्वरूप रु. ३,०००/- (तीन हजार) प्रदान गरिनेछ। प्राप्त फिचर प्रकाशित गर्ने वा नगर्ने अधिकार सञ्चारिका समूहमा निहित रहनेछ।

यो फिचर सेवा मुलुकभरिबाट प्रकाशित हुने सबै पत्रपत्रिकालाई निःशुल्क उपलब्ध गराइनेछ। फिचर प्राप्त नभएको भए जानकारीका लागि समूहको केन्द्रीय कार्यालय काठमाडौंमा इमेल या टेलिफोनमार्फत खबर गरिदिनुहुन विभिन्न जिल्लास्थित पत्रपत्रिकाका सम्पादक तथा प्रकाशकज्यूहरूलाई अनुरोध गर्दछौँ। यो फिचर सेवा एफएम स्टेसनहरूका लागि पनि उपयोगी हुने विश्वास हामीले लिएका छौं। फिचर उपयोग गर्न चाहने एफएम स्टेसनहरूलाई पनि सम्पर्कका लागि अनुरोध गर्दछौँ। फिचर प्रकाशित/प्रसारित गर्दा 'साभार : सञ्चारिका समूह' भनी उल्लेख गरिदिनुहुन आग्रह गर्दछौँ।

**युएनएफपीएको सहयोगमा संचारिका समूहद्वारा प्रकाशित**

**सम्पर्क ठेगाना**
सञ्चारिका समूह, कुपण्डोल, ललितपुर
पोष्ट बक्स नं : १३२९३, काठमाडौं
फोन नं : ५५३०१९२, ५५५११८२
इमेल : sancharika@wlink.com.np
वेभ साइड : www.sancharika.org

**संयोजन/सम्पादन**
**बबिता बस्नेत**